

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड

साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ७९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० चैत २० गते मंगलबार ❑ 2 April 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## मादी गाँउपालिकाको एक फार्ममा २ सय ८० बाख्रा मरे

**पोखरापत्र संवाददाता**

पोखरा, १९ चैत

कास्कीको गाउँपालिका वडा नम्बर १२ मा रहेको एक बाख्रा फार्मको २ सय ८० वटा बाख्रा खाडलमा गाड्न बाध्य हुनु भएको छ।

मादीको लिपेयनीमा रहेको स्पाइम स्मृति मल्टिप्रपोज एग्रो फार्मका २ सय ८० बाख्रा मरे पछि त्यसको व्यबस्थापनको लागि आफ्नै बारीमा खाडल खनेर गाड्न बाध्य भएको फार्म सञ्चालक नारायण बरालले गुनासो गर्नु भयो। पछिल्लो समयमा बाख्राहरुले घाँस, दाना, पानी नखाने, सिंगान बगाउने र ऱ्याल काट्न थालेपछि बिस्तारै झोक्राउँदै मर्न थालेको संचालक बरालले बताउनुभयो । पुष देखि हालसम्म आफ्नो खोरमा रहेका ३ वटा बोका बाहेक सबै जसो बाख्रा मरेको बरालले बताउनु भयो। करिब ५ करोडको लागतमा २०७४ बाट फार्म सहित ६ हजार कुखुरा पालन व्यवसायीक रुपमा सञ्चालन गर्नु भएको बरालले ठूलो संख्यामा बाख्रा मर्दा डेढ



करोड क्षति भएको दाबी गर्नु भएको छ। पुषमा २२ वटा बाख्रा मरे पनि त्यसको औषधि उपचारले केही समय अन्य बाख्रा मर्न रोकिएको उनले जनाउनु भयो।

माघ देखि पुनः बाख्रा मर्न थालेकोले ल्याव परिक्षण गरी क्रोनिक निमोनिया भएको भनि पशु विज्ञबाट जानकारी भए अनुसार घाँटीबाट इनजेक्सन दिएको त्यस पछि मर्ने क्रम नरोकिएको संचालक बरालले बताउनु भयो। गाँउकै नमुना बाख्रा फार्मको रुपमा पहिचान बनाएको उक्त फार्मबाट गतवर्ष करिब ३८ लाख रुपैयाँ आम्दानी भएकोमा यस बर्ष कम्तिमा ५० लाख आम्दानी गर्ने लक्ष्य रहे पनि बाख्रा मर्नुले आफुहरुलाई ठुलो आर्थिक क्षति भएको संचालक बरालले गुनासो गर्नुभयो।

एउटा माउ बाख्रालाई डेढ, दुई लाखसम्म हालेर किनेको बताउँदै उहाँले अष्ट्रेलियन जातको बोएर बाख्रा गाँउमा धेरै किसानहरुले लगेको त केहीले यसबाट अन्य ठाँउमा बाख्रा पालन समेत सुरु गरेको उहाँले जनाउनु भयो । यस फार्मलाई पालिकाले सम्मान स्वरुप दुई वर्ष अघि २ लाख रुपैयाँ दिएको थियो।

उक्त बाख्राहरु मर्नुको कारण निमोनिया रोग भएको पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखराका सूचना अधिकारी डा.गणेश केसीले बताउनु भयो। बाख्राको खोरमा अत्याधिक चिसो हुनु जसका कारण बाख्रामा निमोनिया भई फोक्सोमा असर परेर मरेको हुन सक्ने उहाँको भनाई छ। फार्म संचालकले आफुहरुलाई खबर गरे लगत्तै उहाँको फार्ममा पुगेर अवलोकन गर्दा अधिकांश बाख्रा मरि सकेको अबस्थामा आफुहरु पुगेको डा.केसीले जनाउनु भयो।

समयमै आफुहरुलाई खबर गरेको भए उक्त फार्म संचालकले ठुलो क्षती व्यहोर्न नपर्ने उहाँको भनाई छ । उक्त बाख्रामा जुगा समेत भेटिएको डा.केसीले जनाउनु भयो। ठुलो लगानी भएका यस्ता फार्मलाई पुनः संचालन गर्न राज्यले राहत दिनुपर्ने स्थानियले समेत माग गर्नु भएको छ। गाँउकै अगुवा किसानको हाल रित्तो खोर भएको छ।

## ३ लाख पर्यटक भित्राउने लक्ष्य सहित फेवा नव बर्ष महोत्सवको तयारी

**पोखरापत्र संवाददाता**

पोखरा, १९ चैत

होटल संघ पोखरा नेपालको आयोजनामा पोखरामा हुने १९ औं फेवा नव बर्ष महोत्सव २०८१ मा ३ लाख पर्यटक भित्राउने लक्ष्य राखिएको छ।

यही चैत २९ गतेदेखि आगामी वैशाख १ गतेसम्म ड्यामसाईडदेखि लेकसाइडमा आयोजना हुने उक्त महोत्सवमा ३ लाख पर्यटक भित्राउने लक्ष्य राखिएको सोमबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराईएको हो।

पोखरालाई पर्यटकीय राजधानी घोषणासँगै नेपाली नयाँ बर्षको अवसरमा संघ अन्तर्गतका सदस्य होटलले आफ्नो प्रकाशित दररेटमा चैत र वैशाखमन २० प्रतिशत सम्म छुटको घोषणा गरिएको १९ औं फेवा नव बर्ष महोत्सवका संयोजक एवं संघका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिनु भयो। यही खुसीमा नयाँ बर्षमा पर्यटकलाई होटलका कोठामा छुटको घोषणा गरिएको संयोजक सुवेदीले स्पष्ट पार्नु भयो । संघले विगत दुई दशक अघिदेखी नेपाली नयाँ वर्षको अवसरमा "पर्यटन, संस्कृति र खाना" भन्ने मूल नाराका साथ यो महोत्सव आयोजना गर्दै आइरहेको छ। अंग्रेजी नयाँ बर्ष जस्तै नेपाली नयाँ बर्षलाई पनि महोत्सवका माध्यमबाट



उत्तिकै धुमधामका साथ मनाउने तयारी संघले अगाडी बढाएको हो। कोभिड १९ पश्चात् पूर्ववत् अवस्थामा फर्कन नसकेको होटल तथा पर्यटन क्षेत्रलाई चलायमान बनाउँदै महोत्सवका माध्यमबाट पोखरालाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रचारप्रसार गरी गण्डकी प्रदेशको पर्यटन प्रवर्द्धन गर्ने उदेश्य महोत्सवले लिएको छ।

महोत्सवका माध्यमबाट गण्डकी प्रदेशको जातीय भेषभुषा, रहनसहन, खानपान, साँस्कृतिक पक्षहरुको उजागर गर्दै प्राकृतिक सम्पदाहरुको संरक्षण गर्न समेत पहल गरिने संघका महासचिव एवं महोत्सवका प्रचार संयोजक राजेन्द्र ढकालले जानकारी दिनु भयो। पोखराका होटलको हाल ६० प्रतिशत अकुपेन्सि रहेको संयोजक सुवेदीले बताउनु भयो। पोखरामा हाल भारतीय पर्यटक उत्साहजनक सहभागी भएको उहाँले जनाउनु भयो । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका निमित्त प्रमुख नवीन पोखरेलले पोखरामा हाल भारतीय र चाईनीज पर्यटकको संख्यामा गत बर्ष भन्दा बढी भित्रिएको दाबी गर्नु भयो। आर्थिक गतिविधिको लागि पनि बोर्डले संघसंग सहकार्य गर्ने उहाँले बताउनु भयो । पत्रकार भेटघाट कार्यक्रम बोल्दै पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनायण श्रेष्ठले पोखरामा हिजोआज भारतबाट करिव १५० वटा सवारी साधनमा पर्यटक भित्रिएको दाबी गर्दै महोत्सवमा दोब्बरको संख्यामा बृदि हुने विश्वास व्यक्त गर्नु भयो।

संघका पूर्व अध्यक्ष भरतराज पराजुलीले महोत्सव अविधमा ३ लाख दर्शक सहित पर्यटक भित्र्याउने दाबी गर्नु भयो। पूर्व अध्यक्ष विकल तुलाचनले कोभिडले २ बर्ष स्थगित भएको महोत्सव यसबर्ष भव्यरूपमा सम्पन्न गर्ने तयारी गरेको बताउनु भयो। पोखरा महानगरपालिका र नेपाल पर्यटन बोर्ड प्रबर्द्धन रहेको छ।

## गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना आधार-पत्र सार्वजनिक

**पोखरापत्र संवाददाता**

पोखरा, १९ चैत

गण्डकी प्रदशेको दोस्रो पञ्चवर्षीय योजनाको आधार-पत्र सार्वजनीक गरिएको छ। गण्डकी प्रदेश नीति तथा योजना आयोगले सोमबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रम मार्फत दोश्रो पञ्चवर्षीय योजनाको आधार-पत्र सार्वजनिक गरिएको हो।

"समृद्ध नेपाल सुखी नेपाली" को राष्ट्रिय लक्ष्य हासिल गर्न योजनाले आत्मनिर्भर र समुन्नत प्रदेशः सम्मानित प्रदेशवासी को सोच तय गरेको त्यसको आधारमा प्रदेशको आर्थिक विकास र समृद्धिको लागि कृषि र पर्यटनलाई प्रथामिकता दिएको आयोगका उपाध्यक्ष डा.कृष्णचन्द्र देवकोटाले बताउनु भयो। प्रदेशको उत्पादकत्त्व वृद्धि, सामाजिक न्याय र समुन्नति हासिल गर्ने प्रादेशिक लक्ष्य निर्धारण गरिएको उहाँले जनाउनु भयो।

कार्बन तटस्थ, समावेशी, दिगो तथा उत्थानशील अर्थतन्त्र निर्माण गरी प्रदेश समुन्नतिको आधारशीला तयार पार्ने उद्देश्यले प्रदेश नीति तथा योजना आयोगले गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय



योजना तयार गरेको उहाँले जनाउनु भयो । योजनाले आत्मनिर्भर र समुन्नत प्रदेशः सम्मानित प्रदेशवासी को सोच तय गरेको छ। उक्त सोच हांसिल गर्न उत्पादकत्त्व वृद्धि, सामाजिक न्याय र समुन्नति हासिल गर्ने प्रादेशिक लक्ष्य निर्धारण गरिएको छ।

राष्ट्रिय योजना आयोगले तय गरेको सोह्रौं योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त गर्न सहयोग पुर्‍याउन उक्त योजना आएको एक महिनामा प्रदेशमा दोश्रो पञ्चबर्षीय योजना ल्याउने तयारी गरिएको उपाध्यक्ष डा. देवकोटाले जनाउनु भयो। उक्त लक्ष्य प्राप्तीका लागि ३ प्रादेशिक उद्देश्य, ८ समष्टिगत रणनीति र १४ प्राथमिक क्षेत्रहरू पहिचान गरिएको आयोगले जनाएको छ। योजनाका ३ उद्देश्यहरु गुणस्तरीय पूर्वाधार र उत्पादन, रोजगारी तथा आय वृद्धि गर्नु, मानव पुँजी निर्माण, विकासका लाभको समन्यायिक वितरण र सामाजिक न्याय स्थापित गर्नु र गुणस्तरीय सार्वजनिक सेवाप्रवाह र सुशासन अभिवृद्धि गर्नु रहेका छन । प्रादेशिक विकासका लागि लिइएका ८ समष्टिगत रणनीतिहरु रहेका छन।

जस मध्य उत्पादन तथा उत्पादकत्व र दिगो लार्थिक वृद्धि गर्ने, मानव पुँजी निर्माण तथा न्यायपूर्ण समाजको स्थापना गर्ने, दिगो तथा उत्थानशील पूर्वाधार विकास तथा अन्तर आबद्धता अभिवृद्धि गर्ने, हरित, कार्बन तटस्थ तथा जलवायुमैत्री कार्य र स्वच्छता अभिवृद्धि गर्ने, विकास प्रक्रिया तथा नतिजामा लैङ्गिक समानता तथा समावेशिता कायम गर्ने, नवीन ज्ञान तथा प्रविधिको अभ्यास र प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्ने, स्रोत परिचालन, सुशासन, अन्तरसम्बन्ध र साझेदारीलाई सबलीकरण तथा सुदृढीकरण गर्ने र प्रदेश नीति, योजना तथा विकास नतिजालाई अध्ययन, अनुसन्धान तथा प्रमाणमा आधारित बनाउने रणनीति रहेको उपाध्यक्ष डा.देवकोटाले उल्लेख गर्नु भयो। उक्त योजनाको सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिलाई मूर्तता प्रदान गर्न गण्डकी प्रदेशले आगामी ५ वर्षका लागि तय गरेका प्रादेशिक विकास तथा रुपान्तरणका १४ प्राथमिक क्षेत्रहरु समेत निर्धारण गरिएको छ । जस मध्य सुदृढ प्रादेशिक अर्थतन्त्र, प्रभावकारी आर्थिक नीति तथा स्रोत व्यवस्थापन आत्मनिर्भरता, व्यावसायिक कृषि तथा दिगो वन व्यवस्थापन, जैविक विविधता तथा जलाधार संरक्षण, बजारमुखी उत्पादन र दिगो पर्यटन, विश्वव्यापी स्वास्थ्य र जनसांख्यिकीय लाभ रहेको छ।

त्यसै गरी शिक्षित, सुसंस्कृत तथा सिपयुक्त मानव पुँजी निर्माण, मर्यादित श्रम, उत्पादनशील रोजगारी तथा सामाजिक संरक्षण, दिगो तथा उत्थानशील पूर्वाधार, स्वच्छ ऊर्जा, जलस्रोत तथा खानेपानी व्यवस्थापन, सन्तुलित

**बाँकी अन्तिम पृष्ठमा ▶▶**


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१


## टी ट्वान्टी : नेपाल 'ए'द्वारा आयरल्यान्ड 'ए' तीन रनले पराजित

**रासस**

काठमाडौं १९ चैत

नेपाल 'ए'ले तेस्रो तथा अन्तिम 'टि ट्वान्टी' खेलमा आयरल्यान्ड 'ए'लाई तीन रनको झिनो रनले पराजित गरेको छ।

जितका लागि दुई सय १४ रनको विशाल लक्ष्य पछ्याएको आयरल्यान्ड 'ए' निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै दुई सय १० रनमा समेटियो । तीन खेलको टि-ट्वान्टी शृङ्खलाको उपाधि भने आयरल्यान्ड 'ए'ले एक खेल अगावै जितेको थियो।

नेपाल 'ए' यसअघि खेलेका दुवै खेलमा पराजित भएको थियो। आयरल्यान्ड 'ए'सँग नेपाल 'ए' पहिलो खेलमा २१ रन र दोस्रो खेलमा ४० रनले पराजित भएको थियो। खेलमा आयरल्यान्डका लागि ग्यारेथ डेलानी र मोर्गन टोप्पिङले अर्धशतकीय पारी खेले। डोलानीले ३७ बलमा पाँच चौका र पाँच छक्काको सहयोगमा सर्वाधिक ६८ रनको योगदान दिए। त्यस्तै टोप्पिङले ३७ बलमा चार चौका र चार छक्काको मद्दतमा ६० रन बनाए। त्यस्तै रोस्स अदिरले ३१ रन बनाउदाँ फिन ह्यान्डले २२ रन जोडे । बलिङतर्फ नेपालका विपिन खत्रीले तीन विकेट लिए भने कमल ऐरी, नारायण जोशी र रासिद खानले समान एक /एक विकेट लिए। त्यसअघि कीर्तिपुर स्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै दुई सय १३ रनको योगफल बनाएको थियो।

# पर्यटकीय राजधानी भित्रिने पर्यटकको तथ्याङ्क छैन

**पोखरापत्र संवाददाता**
पोखरा, १९ चैत

पर्यटकीय राजधानी पोखरा भित्रिने विदेशी पर्यटकको सङ्ख्या यकिन हुन सकेको छैन । नेपाल घुम्न आउने पर्यटकमध्ये आधा पर्यटक पोखरा भित्रिने आँकलन गरिए पनि वास्तविक तथ्याङ्क कुनै निकायसँग पनि छैन ।

पर्यटकको विवरण राख्ने संरचना र प्रणाली नहुँदा पोखरा आउने पर्यटकको सङ्ख्या यकीन हुन नसकेको पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनुभयो । "बर्सेनि पर्यटकको आवागमन वृद्धि हुँदै आएको छ, तर हामी पहिलेकै अनुमानका भरमा छौँ", उहाँले भन्नुभयो, "दैनिक, मासिक या वर्षमा कति विदेशी पर्यटक पोखरा प्रवेश गरे भन्ने आधिकारिक तथ्याङ्क अहिलेसम्म कसैले राख्न सकेको छैन ।"

पर्यटकको स्पष्ट तथ्याङ्क राख्न सकिएमा पर्यटनसम्बन्धी योजना तथा कार्यक्रम निर्माणमा सहजता थपिने उहाँको भनाइ छ । यस सम्बन्धमा नेपाल पर्यटन बोर्डलगायत राज्यका निकायसँग पटकपटक माग गर्दा पनि सुनुवाइ नभएको अध्यक्ष श्रेष्ठले बताउनुभयो । "पोखरा पर्यटकीय राजधानीसमेत घोषणा भइसकेको अवस्थामा अब पर्यटकको तथ्याङ्क सङ्कलनका लागि तुरुन्त आवश्यक व्यवस्था गर्नुपर्छ", उहाँले भन्नुभयो, "विमानस्थल र सडक नाकामा सूचना केन्द्रसहितका पर्यटक 'डेस्क' राख्नुपर्छ ।"

अध्यक्ष श्रेष्ठले गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाले पोखरा भित्रिने नाकामा पर्यटक डेस्क स्थापनाका लागि चासो लिए पनि कार्यान्वयन हुन नसकेको बताउनुभयो । हवाई यात्राबाट आउने पर्यटक पोखरा अन्तर्राष्ट्रिय विमानस्थल भएर पोखरा भित्रिन्छन् । स्थलमार्गबाट भित्रिने पर्यटक पृथ्वीराजमार्ग, सिद्धार्थ राजमार्ग र मध्यपहाडी लोकमार्ग हुँदै पोखरा आइपुग्छन् ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख नवीन पोखरेलले पर्यटकीय राजधानी आउने पर्यटकको यथार्थ विवरण राख्न नसक्नु कमजोरी रहेको बताउनुभयो । बोर्डको पहलमा विमानस्थल र पर्यटक बसपार्कमा पर्यटकको तथ्याङ्क लिन आवश्यक तयारी गरिएको उहाँको भनाइ छ । "माइक्रोलगायत अन्य निजी सवारीसाधनबाट पर्यटक आइरहेका हुन्छन्, पोखरा जोडिने सडक नाका पनि धेरै छन्", प्रमुख पोखरेलले भन्नुभयो, "पोखरामा रहेका पर्यटकस्तरीय होटलले सफ्टवेयर प्रणालीमार्फत पर्यटकको विवरण राख्नसकेमा मोटामोटी तथ्याङ्क आउँछ ।"

होटल व्यवसायीलाई दैनिक बास बसेका पर्यटकको विवरण दिन आग्रह गरिए पनि व्यवसायीले उपलब्ध नगराएको उहाँको भनाइ छ । तथ्याङ्क अन्दाज गर्ने विषय नभएको भन्दै उहाँले सम्बद्ध सबै पक्ष यसमा जिम्मेवार र जवाफदेही हुनुपर्ने बताउनुभयो । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का प्रमुख डा रविन कडरियाले 'एक्याप' प्रवेश गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरिएको बताउनुभयो ।

उहाँका अनुसार पोखरा आएकामध्ये झण्डै आधा पर्यटक मात्र 'एक्याप'को भ्रमण गर्छन् । "यस क्षेत्रमा सबैभन्दा बढी भारतीय पर्यटकीय आउँछन्, अन्नपूर्ण क्षेत्र पदयात्राका लागि विश्वकमै आकर्षक गन्तव्य मानिन्छ", उहाँले भन्नुभयो, "एक्यापले ठाउँठाउँमा चेकपोष्ट र पर्यटक सूचना केन्द्रमार्फत विदेशी पर्यटकको विवरण सङ्कलन गर्छ ।" पर्यटकीय राजधानी पोखरा भित्रिने पर्यटकको सङ्ख्यालाई तथ्याङ्क प्रणालीमा राख्न अब ढिलाइ गर्न नहुने डा कडरियाले बताउनुभयो । पछिल्लो समय पोखरा आसपासका गन्तव्यमा भारतीय पर्यटकको सङ्ख्या उल्लेख्य वृद्धि भएको उहाँको भनाइ छ । प्राकृतिक सुन्दरता, जैविक विविधता, हिमाली जनजीवन, संस्कृति आदिले यस क्षेत्र पर्यटकको रोजाइमा पर्ने गरेको डा कडरियाले बताउनुभयो ।

प्राचीन संस्कृति, कला र सभ्यताका दृष्टिले पनि पोखरा तथा सिङ्गो गण्डकी प्रदेश अगाडि छ । यहाँका जातीय पर्व, परम्परा र रीतिरिवाजले पनि पर्यटकलाई लोभ्याउने गर्छ । परम्परा झल्काउने गीत, नाच र झाँकी पोखराका सांस्कृतिक धरोहर हुन् । आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, स्तरीय आतिथ्यता र सेवासुविधालाई आधार मानेर पोखरालाई हालै पर्यटकीय राजधानी घोषणा गरिएको थियो । फ्रान्सेली नागरिक मौरिस हर्जगले सन् १९५० मा पहिलो पटक अन्नपूर्ण हिमाल आरोहण गरेसँगै पर्यटनमा बामे सरेको पोखरा अहिले विश्व पर्यटन बजारको 'ब्राण्ड' बनेको छ ।

# पोखरा दर्पणद्वारा भद्रकाली माविमा स्वास्थ्य कक्ष स्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, १९ चैत



पोखरा १३ स्थित भद्रकाली माध्यमिक विद्यालयमा लायन्स क्लब अफ पोखरा दर्पणले स्वास्थ्य कक्ष स्थापना गरेको छ ।

क्लबको वार्षिक योजना अनुसार सरकारी तथा सामुदायिक बिद्यालयहरुमा स्कुल ईमर्जेन्सी रूम प्रोजेक्ट को नामबाट स्कुल परिसरमा विद्यार्थीहरुको प्राथमिक उपचारको लागि ब्यवस्थित स्वास्थ्य कक्ष स्थापनाको अभियान थालनी गरेको क्लबका अध्यक्ष ई. किरण के.सीले वताउनु भयो । गत फाल्गुण महिनामा पोखरा १२ मा रहेको शितलादेवी सामुदायिक माध्यमिक बिद्यालय र पोखरा २७ मा रहेको लक्ष्मी आदर्श माध्यमिक बिद्यालयमा समेत स्कुल ईमर्जेन्सी रूम स्थापना गरिसकिएको अध्यक्ष केसीले भन्नु भयो ।

भद्रकाली माविमा स्वास्थ्य कक्षको संयुक्त रुपमा समुद्घाटन गर्दै कार्यक्रमका प्रमुख अतिथि पोखरा १३ का वडा अध्यक्ष किरण बरालले सो कार्यको प्रशंसा गर्दै वडालाई पनि सहयोग मिलेको जानकारी दिनुभयो । तत्काल वडा मार्फत नर्सको ब्यवस्थापनको प्रकृया अघि बढाउने प्रतिबद्धता अध्यक्ष वरालले दिनुभयो । कार्यक्रमका बिशेष अतिथि लायन्स क्लब अन्तराष्ट्रिय डिस्ट्रिक्ट ३२५ एल नेपालका डिस्ट्रिक्ट गभर्नर परमेश्वर बरालले समाजका आवश्यकतामा लायन्स क्लबहरुले सकृय भूमिका निर्वाह गर्दै हरेक क्षेत्रमा योगदान पुऱ्याइएको दर्पणले विद्यार्थीहरुको प्राथमिक स्वास्थ्य उपचारको लागि अघि सारेको यस किसिमको अभियानबाट समग्र डिस्ट्रिक्टले नै गर्व गरेको भन्नुभयो । बिद्यालयका प्रधानाध्यापक यदुराज पगेनीले स्वागत मन्तब्य राख्दै यस अभियानले बिद्यालय प्राङ्गण भित्र नै हाल अध्ययनरत १९०० भन्दा बढी विद्यार्थीहरु प्रत्यक्ष रुपमा लाभान्वित हुने जानकारी गराउनु भयो । कार्यक्रममा बिद्यालय ब्यवस्थापन समितिका अध्यक्ष लोक बहादुर कार्की, भद्रकाली बहुमुखी क्यम्पस संचालन समितिका अध्यक्ष माधवप्रसाद सिग्देल, कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष तिर्था बहादुर बस्नेत, राइट फर चिल्ड्रेनका अफिसर बिष्णु अधिकारी लगायतले मन्तब्य राख्नु भएको थियो । तीन ओटै बिद्यालयहरुका लागि क्लबको सकृयतमा नेपाल लायन्स फाउन्डेसन ३२५ एल, राइट फर चिल्ड्रेन र अध्यक्ष के.सी.ले नेतृत्व गरेको साथी समुह (अमित ढुङाना, बिमल बराल, सन्तोष अधिकारी, सचिन सापकोटा, राजिब अधिकारी र रितेश द्वा) ले सहकार्य गरेको र प्रारम्भिक अध्ययनको क्रममा ला ग्राण्डी ईन्टरनेशनल कलेज र अस्ट्रेलियाको युनिभर्सिटी अफ वेस्टर्न अस्ट्रेलियाका विद्यार्थीहरु समेत संलग्न रहेको क्लबका सचिव अग्निधर तिमील्सिनले जानकारी दिनुभयो ।

यस अभियान मार्फत क्लबले सबै बिद्यालयहरुमा स्वास्थ्य कक्षका लागि आवश्यक प्राथमिक उपचारका औषधी, मेडिकल सामाग्री यवम फर्निचर लगायतका भौतिक ब्यवस्थापनका सामाग्रीहरु हस्तान्तरण गरी ४१०० भन्दा बढी विद्यार्थीहरुलाई लाभान्वित गराएको छ ।

# सामूहिक उद्यम गरेमा वडा कार्यालय थप सहयोग गर्ने : अध्यक्ष बास्तोला

**पोखरापत्र संवाददाता**
पोखरा, १९ चैत



पोखरा महानगरपालिका १२ नं. वडा कार्यालयका अध्यक्ष सन्तोष बाँस्तोलाले आफूले सिकेको सिपलाई सामूहिक रूपमा उद्यम गरी उत्पादनमा जोडिने महिला समूहलाई वडा कार्यालय थप सहयोग गर्ने जनाएका छन् ।

महिलाहरूका लागि एक महिने हस्तकला तालिमको सोमबार समापनका क्रममा प्रमाणपत्र वितरण गर्दा प्रशिक्षार्थीलाई हौस्याउँदै बास्तोलाले थपे तपाईहरू उद्यमी बन्नुहुनेछ, कम्पनी खोल्नु हुनेछ र मलाई उद्घाटनका लागि निम्तो दिनुहुनेछ । उनले महिला दिदीबहिनीको मागका आधारमा वडा कार्यालयले एक महिने हस्तकलाको तालिम दिइ दक्ष बनाएको हुँदा राज्यको लगानी सदुपयोग भएको बताए ।

विधाता हस्तकला तथा प्राविधिक तालिम केन्द्रकी सञ्चालक एवम् मुख्य प्रशिक्षक सविता श्रेष्ठले महिला दिदीबहिनीको सिपमा निखारता आउँदा सिधै रोजगार र उद्यमशीलतामा जोडिन सहयोग पुग्ने बताइन । सिप सिक्दासिक्दै रोजगारमा आवद्ध हुनु र उत्पादन गरेका सामग्री अब्बल भई बजार पाउनुले तालिमको औचित्य पुष्टि भएको जनाइन । प्रशिक्षार्थी सुनिता कोइरालाले एक महिनाको हस्तकला सिप सिकाइका क्रममा दक्षता प्राप्त भएको बताइन । तालिम अवधि मै दर्जन बढी सामग्री तयार हुँदा खुशी व्यक्त गर्दै वडा कार्यालयलाई धन्यवाद ज्ञापन गरिन । प्रशिक्षार्थी हरिदेवी बुढामगरलाई उत्कृष्ट प्रशिक्षार्थीको रूपमा पुरस्कृत गरिएको थियो भने सीतादेवी ढकालाई लगनशीलताका साथ सिप सिकेका कारण रोजगारमा आवद्ध गरिएको छ । गत फागनु १४ गतेदेखि वडा कार्यालयले सञ्चालन गरेको १ सय २० घण्टाको एक महिने हस्तकला तालिममा वडाभित्रबाट छनौट भएका १५ जना प्रशिक्षार्थीको सहभागिता रहेको थियो । तालिम अवधिमा प्रशिक्षार्थीले १४ प्रकारका २ सय १० हस्तकलाजन्य सामग्री तयार गरेका थिए ।

वडा सदस्य एवम् तालिम संयोजक शान्तिदेवी कोइरालाको अध्यक्षतामा सम्पन्न तालिम समापनमा सदस्य गुमादेवी परियाले स्वागत मन्तव्य राखेकी थिइन भने सदस्य शान्तबहादुर थापाले कार्यक्रम सञ्चालन गरेका थिए ।

# गण्डकी ...

वातावरण र जलवायु तथा विपद् उत्थानशीलता, सक्षम महिला, सामाजिक समावेशीकरण तथा समानता, सुदृढ शासन, सेवाप्रवाह र तहगत सम्बन्ध र सुसूचित नीति, योजना तथा विकास व्यवस्थापन उद्धेश्य राखिएको छ ।

२०८० अन्त्यसम्ममा १५ वटा योजना तर्जुमा भई कार्यान्वयन भएका र सोहीँ योजना जारी हुने अवस्थामा रहेको आयोगले जनाएको छ । वि.स. २०७५ मा दीर्घकालीन सोच समावेशी र सन्तुलित तथा दिगो सामाजिक-आर्थिक विकासको गतिलाई तीव्रता दिई समुन्नत्ति हासिल गर्न योजनावद्धः विकास प्रयास आवश्यक हुने उद्धेश्यले नेपालमा योजना तर्जुमा गर्ने कार्य २०१३ देखि प्रारम्भ भएको हो । प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) को कार्यान्वयन अवधि वि.सं. २०८१ असारवाट सम्पन्न हुने भएको छ भने आगामी पाँच वर्ष (२०८१/८२-२०८५/८६) अवधिका लागि दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) तर्जुमा गरिएको छ ।

# दुर्घटनाका घाइते भन्छन्, मोटरसाइकल जोगाउन खोज्दा जीप भिरमा खस्यो

**पोखरापत्र संवाददाता**
पोखरा, १९ चैत

कास्कीको अन्नपूर्ण गाउँपालिका-५ सल्यान घर भई पोखरामा अध्ययन गर्दैआउनुभएकी १५ वर्षीया सोनिसा सुनारको कक्षा ९ को वार्षिक परीक्षा सकिएको थियो । उहाँ सिमपानीस्थित स्पाइरल ग्यालेक्सीमा अध्ययन गर्नुहुन्छ ।

परीक्षा सकिएकाले आमा सुशीला, बुबा प्रकाश र २२ महिनाको भाइ सुप्रिमसँगै उहाँ घर सल्यान जाँदै हुनुहुन्थ्यो । वैदेशिक रोजगारीमा रहेका बाबु प्रकाश केही दिनअघि मात्र आउनुभएकाले परिवारमा छुट्टै रमाइलो थियो । बिदाको समय घर र मामाघरमा बसेर बिताउने तथा रमाइलो गर्ने योजना थियो । तर सोनियाको त्यो चाहना पूरा हुन सकेन ।


घर जानका लागि चारैजना चढेको ग१ज ५५४७ नम्बरको जीप आइतबार दिउँसो अन्नपूर्ण गाउँपालिका-४ भदौरेमा सडकबाट दुई सय ५० मिटर तल खसेर दुर्घटना भयो ।

दुर्घटनापछि घाइते चारै जनाको अहिले मणिपाल शिक्षण अस्पतालको आकस्मिक कक्षमा उपचार भइरहेको छ । पोखराको हरिचोक सल्यान रुटमा चल्ने जीप दुर्घटनामा दुई जनाले ज्यान गुमाएका छन् । घटनामा १० जना घाइते भएका छन् । दुर्घटनामा घाइते सोनिसाको हात र खुट्टामा चोट छ भने परिवारका अन्य सदस्यको अवस्था मध्यम छ । सोनिसा जीपको अघिल्लो सिटमा हुनुहुन्थ्यो । ग्रामीण सडक भए पनि जीपको गति तीव्र थियो । "सल्लाघारीको डाँडाको ओरालो घुम्तीमा पुगेपछि विपरीत दिशाबाट एउटा मोटरसाइकल आयो ।

मोटरसाइकल तीव्र गतिमा थियो । घुम्तीमा मोटरसाइकलाई जोगाउन खोज्दा जीप भिरमा खस्यो", सोनिसाले दुर्घटनाबारे बताउनुभयो । घुम्तीमा दायाँ मोडिनुपर्ने जीप बायाँ मोडिएर भिरबाट तल खसेको थियो । दुर्घटनापछि स्थानीयले उद्धार गरी अस्पताल ल्याएको सोनिसाको भनाइ छ । "दुर्घटनापछि पनि म पूरै होसमा थिएँ । हामीलाई गाउँकै अन्यले उद्धार गरी अस्पतालमा ल्याउनुभएको हो", उहाँले भन्नुभयो । सो जीप दुर्घटनामा पोखरा-२३ कार्कीतगराका ५५ वर्षीय लक्ष्मण सुनार र ५२ वर्षीय जयराम सुनारको मृत्यु भएको छ ।

घटनामा पोखरा-२३ का ६० वर्षीय रामप्रसाद सुनार, अन्नपूर्ण गाउँपालिका-४ की ५० वर्षीया देउमाया केसी, सोही ठाउँका २२ वर्षीय धनराज सुनार, पोखरा-२३ का ५८ वर्षीय लक्ष्मण कामी, सल्यानका सात वर्षीय आरुष विक र ४१ वर्षीय राजकुमार विक घाइते भएको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ । घाइतेमध्ये ६ जनाको मणिपाल र अन्यको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचार भइरहेको छ ।

कपालको उपचार
कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# सदन भन्दा बाहिर नजाऊ

अल्पमतमा रहेका गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विश्वासको मत लिने सुर देखाएका छैनन्। विश्वासको मत पाउने संभावना नभको हुँदा राजीनामा दिएर फेरि सत्तामा फर्किने योजनामा पुगेका छन् । बहुमत नआउने भएपछि राजीनामा दिएर धारा १६८ (३) अनुसार फेरि मुख्यमन्त्री नियुक्त हुने अबको रणनीति छ । सरकारमा सहभागी मन्त्रीलाई मुख्यमन्त्री पाण्डेले राजनीतिक घटनाक्रम जे पनि हुन सक्ने भन्दै टाढाको कार्यक्रम तय नगर्न भनेका छन् ।

गत २३ फागुनमा माओवादीले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री पाण्डे अल्पमतमा छन् । पाण्डेले संविधानको धारा १८८ (२) अनुसार संसदबाट विश्वासको मत लिनुपर्छ । कांग्रेसका २७ जना मात्र सांसद भएकाले विश्वासको मत पाउने अवस्था छैन । शुरुमा स्वतन्त्र पछि नेकपा एस प्रवेश गरेका सांसद राजीव गुरुङ (दीपक मनाङे) पनि सरकारमा रहेकाले उनको साथमा २८ जना हुन्छन् । राप्रपाका दुई जनाले साथ दिए पनि पाण्डेको पक्षमा बहुमत पुग्दैन ।

एमाले-माओवादी गठबन्धनमा गण्डकीको मुख्यमन्त्री एमालेले पाउने सम्भावना धेरै देखिन्छ । राप्रपाले एमालेका खगराज अधिकारीलाई मुख्यमन्त्री बनाउन सहयोग नगरेमा मात्र पाण्डे ठूलो दलको हैसियतले मुख्यमन्त्री बन्छन् । प्रदेशसभा नियमावली २०८० को नियम १५० को उपनियम ३ अनुसार मुख्यमन्त्रीले विश्वासको मत लिने दिनभन्दा २ दिनअघि नै त्यसको जानकारी प्रदेशसभा सचिवलाई दिनुपर्छ । उनले विश्वासको मत नै लिने अवस्थामा २१ चैतसम्म संसद सचिवलाई लिखित जानकारी गराउनुपर्छ ।

राजीनामा नदिई विश्वासको मत लिएको अवस्थामा पनि उनले बहुमत पुऱ्याउन सक्ने अवस्था छैन । किनकि राप्रपा आन्दोलनमा रहेकाले अन्तिमसम्म कुनै कदम नचाल्ने पक्षमा छ । यसो हुँदा मुख्यमन्त्री पाण्डेले विश्वासको मत पाउँदैनन् र संविधानको १८८ को उपधारा ३ अनुसार स्वतः पदमुक्त हुन्छन् । उनले राजीनामा दिएमा वा पदमुक्त भएमा प्रदेश प्रमुखले नयाँ सरकार गठन आह्वान गर्नुपर्छ ।

एमाले, माओवादी मिलेर सरकार बनाउन प्रयास गर्नेछन् । ६० सदस्यीय गण्डकी प्रदेशसभामा कांग्रेसका २७, एमालेका २२, माओवादी केन्द्रका सभामुखसहित ८, राप्रपाका २ र स्वतन्त्र (नेकपा एस)एक जना सांसद छन् । एमाले दल नेता खगराज अधिकारी र माओवादी दल नेता हरिबहादुर चुमानमध्ये जो मुख्यमन्त्री बन्ने भए पनि ३१ मत चाहिन्छ । एमालेका २२ र माओवादीको ७ मत गर्दा २९ हुन्छ । राप्रपाले साथ दिएको अवस्थामा ३१ मत पुग्छ ।

सरकार टिकाउने विषय लिएर मुख्यमन्त्री र सरकार बनाउने विषय लिएर एमाले-माओवादी दुवै राप्रपासँग निरन्तर संवादमा छन् । दुवै पक्षलाई राप्रपाले 'हुँदैन' भनेको छैन। मुख्यमन्त्री पाण्डेले सदन बोलाएर सामना नगरी हठात अधिवेशन अन्त्य गर्ने र विश्वासको मत लिन अधिवेशन आव्हान नगर्नाले संसदीय प्रणालीप्रति विश्वास छैन भन्ने देखाउँछ । काङ्ग्रेस संसदीय प्रणाली विश्वास गर्छ।संसदीय प्रणाली मान्ने दल सदन भन्दा बाहिरबाट चलखेल गर्नु प्रणालीलाई कमजोर बनाउने मात्र हो । सदनमा आफ्ना कुरा राखेर विश्वासको मत लिने या राजीनामा दिने विकल्प छासबै भन्दा राम्रो सदनबाटै फैसला स्वीकार गर्नु राजनितिक कदम हुनेछ ।

# लायन्स सेन्ट्रल गार्डनद्वारा विद्यार्थीलाई सहायता सामग्री हस्तान्तरण

**पोखरापत्र संवाददाता**
पोखरा, १९ चैत

लायन्स क्लब अफ पोखरा सेन्ट्रल गार्डनले विद्यार्थीलाई शैक्षिक सामग्री हस्तान्तरण गरेको छ । क्लबको वार्षिक कार्ययोजनानुसार स्याङ्जाको भाटखोलामा रहेको श्री शारदा रमणीय डाँडा आधारभूत विद्यालयलाई उक्त सहायता सामग्री हस्तान्तरण गरेको हो । क्लबका संस्थापक अध्यक्ष हरि भाटसहितका पदाधिकारीले विद्यालयका प्रधानाध्यापक दीपक रानाभाटलाई विद्यालय पोशाक, स्टेशनरी, पुस्तकलगायतका शैक्षिक सामग्री हस्तान्तरण गरेका हुन् । कार्यक्रमका प्रमुख अतिथि क्या. हुमबहादुर रानाभाटले सामुदायिक विद्यालयको गुणस्तर सुधारमा अभिभावक सचेत हुनुपर्नेमा धारणा राखे ।



रानाभाट, भाट समाज जिल्ला समिति स्याङ्जाका अध्यक्ष लालबहादुर रानाभाटले सामुदायिक विद्यालयका पर्याप्त सकारात्मक पक्ष रहँदा रहँदै विद्यार्थी संख्या घट्न पुगेकाप्रति चिन्ता व्यक्त गरेका थिए ।

क्लबका संस्थापक अध्यक्ष हरि भाटले विद्यार्थीका लागि लायन वर्ष २०२३/२४ का अध्यक्ष तुल रानाभाटको पहलमा स्कुल ड्रेससहित ४० हजार बराबरको शैक्षिक सामग्री हस्तान्तरण गरेको जानकारी दिए । स्वतन्त्र पत्रकार संघ कास्कीका अध्यक्ष कृष्ण रानाभाटले लायन्स क्लब अफ पोखरा सेन्ट्रल गार्डनले प्रचारमुखी नभएर प्रत्यक्ष जनस्तर लक्षित व्यवहारोपयोगी कार्यक्रम गर्दै आएकामा आभार व्यक्त गरे । विद्यालयका पूर्व विद्यार्थी असफल गौतमले सामाजिक संघसंस्थाको सहयोगले विद्यालयको शैक्षिक गुणस्तर र विद्यार्थी संख्या वृद्धि गर्नमा यस्ता कार्यक्रमको ठूलो भूमिका रहने बताए । साथै असफल गौतमले विद्यालय सर्वोत्कृष्ट हुन सफल छात्रा काजल विकलाई पुरस्कृतसमेत गरेका थिए । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक दीपक रानाभाट, विद्यालय व्यवस्थापन समिति अध्यक्ष पूर्णबहादुर रानाभाट, जनप्रिय मा.वि.का शिक्षक पदम रानाभाट, समाजसेवी कुलबहादुर रानाभाटलगायतले मन्तव्य राखेका थिए ।

# तनहुँमा आठ फिट लामो अजिङ्गरको उद्धार

**पोखरापत्र संवाददाता**
तनहुँ, १९ चैत

तनहुँको व्यास नगरपालिका-१३ बेलबासमा आठ फिट लामो अजिङ्गरको सोमबारउद्धार गरिएको छ ।

डिभिजन वन कार्यालय तनहुँका कर्मचारीको सहयोगमा अजिङ्गरको उद्धार गरिएको हो ।

उक्त ठाउँमा केही समय पहिलादेखि अजिङ्गर देखिन थालेको स्थानीयबासी मेघनाथ आचार्यले जानकारी दिनुभयो । अजिङ्गर घाइते अवस्थामा रहेकोले उद्धार पश्चात डिभिजन वन कार्यालयमा सुरक्षित राखिएको डिभिजन वन कार्यालयका कर्मचारी अर्जुनकुमार श्रेष्ठले जानकारी दिनुभयो । उद्धार गरिएको अजिङ्गरलाई सुरक्षित रूपमा सामुदायिक वनमा छाडिने बताइएको छ ।

"स्थानीयबासीले केही समय पहिलादेखि उक्त अजिङ्गर यस क्षेत्रमा देखिएको जानकारी दिनुभएकोथियो", वनकार्यालयका कर्मचारी श्रेष्ठले भन्नुभयो, "आज पनि देखिनेबित्तिकै खबर गरेपछि हामीले उद्धार गरेर ल्याएका छौं ।"

# महिला फुटबल टोली सम्मानित

**रासस**
काठमाडौं, १९ चैत

नेपाल स्पोर्ट्स फेलोसिपले नेपालको महिला फुटबल टोलीलाई नगदसहित सम्मान गरेको छ ।

गत फागुनमा साउदी अरेबियामा भएको पश्चिमी एसियाली गल्फ राष्ट्रहरूले खेल्ने वाफ महिला फुटबल च्याम्पियनसिपमा उपविजेता बनेको नेपाली टोलीले देशको नाम उच्च पारेको भन्दै फेलोसिपले 'इस्टर फेस्ट फेलोसिप २०२४' अन्तर्गत सम्मान गरेको हो । सम्मानस्वरुप नेपाली महिला फुटबल टोलीले रु ७५ हजार र उपहार प्राप्त गरेका छन् ।

वाफ च्याम्पियसिपको फाइनल खेलमा नेपाल जोर्डनसँग टाइब्रेकरमा ५-३ गोलअन्तरले पराजित भएको थियो । उक्त च्याम्पियनसिपमा समूह 'ए' को विजेता नेपालले लेबनानलाई पराजित गर्दै फाइनल यात्रा तय गरेको थियो । कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद (राखेप) का सङ्घ संस्था समन्वय शाखाका प्रमुख चन्द्रकुमार राईले वाफ महिला च्याम्पियनसिपको उपविजेता बनेको नेपाली महिला फुटबल टोलीलाई बधाई दिनुभयो । उहाँले नेपालमा खेल पूर्वाधारको कमी रहको चर्चा गर्नुभयो ।

राईले स्वास्थ्य र राष्ट्रको गौरवसँग जोडिएको खेलकुदको विकासमा जोड दिन सके मात्र मुलुकको भविष्य उज्वल हुने भनाइ व्यक्त गर्नुभयो । खेलकर्मीको भेलाको रुपमा आयोजना गरिएको उक्त कार्यक्रममा नेपालका सबैजसो खेलका करिब एक सयभन्दा बढी खेलाडी, प्रशिक्षक र व्यवस्थापकको उपस्थिति थियो ।

# तेस्रो मनुश्री भिन्नजित राष्ट्रिय जुनियर टेनिस प्रतियोगितामा सर्वाधिक पुरस्कार राशी

**पोखरापत्र संवाददाता**
पोखरा, १९ चैत




पोखरामा हुने 'तेस्रो मनुश्री भिन्नजित राष्ट्रिय जुनियर टेनिस प्रतियोगिता'मा हाल सम्मै सर्वाधिक पुरस्कार राशी घोषणा गरिएको छ ।

कास्की जिल्ला टेनिस संघको आयोजनामा चैत्र २१ गतेबाट २५ गते सम्म पोखरा रंगशालास्थित टेनिस कोर्टमा सञ्चालन हुने भएको हो । प्रतियोगितामा कुल १४ वटा इभेन्टमा ब्वाईजतर्फ ४० र गर्ल्सतर्फ ३० गरी कुल ७० जना खेलाडीहरुले प्रतिस्पर्धा जनाउने प्रतियोगिताकी टुर्नामेन्ट डाइरेक्टर प्रीती बरालले जानकारी दिएका छन् । प्रतियोगितामा यू-८, यू-९, यू-१०, यू-१२, यू-१४ र यू-१६ ब्वाइज तथा गर्ल्स सिंगल्सका साथै ओपन ब्वाईज तथा गर्ल्स डबल्समा प्रतिस्पर्धा हुनेछ । प्रतियोगितामा जनियर नेपाल र्‍याकिङ खेलाडीहरुको जमघट हुने र करिव २ लाख ३१ हजार नगद पुरस्कार राशीमा खर्च हुने कास्की टेनिसका उपाध्यक्ष राजु गुरुङले बताए । उनले भने- "जुनियर टेनिसमा नेपालमा भएका प्रतियोगिता मध्ये यो नै सर्वाधिक पुरस्कार राशी खर्च हुने प्रतियोगिता हो ।" प्रतियोगितामा यू-१२ ब्वाईज तथा गर्ल्स सिंगल्स बिजेताले जनही नगद रु १० हजार तथा उपबिजेताले जनही नगद रु ५ हजार सहित मेडल प्राप्त गर्नेछन् । यू-१४ ब्वाईज तथा गर्ल्स सिंगल्स बिजेताले समान जनही नगद रु १५ हजार, उपबिजेताले समान जनही नगद रु ७ हजार ५ सयसहित मेडल प्राप्त गर्नेछन् । यू-१६ ब्वाईज तथा गर्ल्स सिंगल्स बिजेताले समान जनही नगद रु २० हजार उपबिजेताले समान जनही नगद रु १० हजार तथा ब्वाईज तथा गर्ल्स ओपन डबल्सतर्फ बिजेताले समान जनही नगद रु २० हजार उपबिजेताले समान जनही नगद रु १० हजारसहित मेडल प्राप्त गर्नेछन् । त्यस्तै यू-८, यू-९ र यू-१०, ब्वाईज तथा गर्ल्स सिंगल्स बिजेता तथा उपबिजेताले नगदसहित मेडल प्राप्त गर्ने कास्की टेनिसका उपाध्यक्ष नविन चालिसेले बताए ।

प्रतियोगितामा पोखरा, बुटवल, काठमाण्डौ र चितवनका खेलाडीहरुले सहभागिता जनाउने टुंगो लागेको सचिब चालिसेले बताए । प्रतियोगिता विभिन्न उमेर समुहका नेपाल र्‍याकिङ आयर्शराज पौडेल, शाल्भी शेरचन, इभान भट्टराई, जिवाश्री भट्टाई, जिवाश भट्टाई, दर्शील श्रेष्ठ, जियोभानी केसी, शास्वत बज्राचार्य, शिर्जन भट्टराई, सन्दिप विक, इलेश गौतम, निश्चल ज्ञवाली, विशेष विश्व डल्लाकोटीले विभिन्न इभेन्टमा प्रतिस्पर्धा गर्ने सचिव चालिसेको भनाई छ । प्रतियोगिता सम्पन्न गर्न करिव ४ लाख खर्च हुने छ । प्रतियोगितालाई कुमार श्री मोहन बहादुर शाहीले मुख्य प्रायोजन गरेका छन् । उनले विगत तीन वर्ष देखि आफ्ना नाती-नातीनाको नाममा उक्त प्रतियोगिता प्रायोजन गर्दै आएको उपाध्यक्ष चालिसेले जानकारी दिए । प्रतियोगिताको टुर्नामेन्ट सुपरभाइजरमा शक्ति शर्मा रहेका छन् ।

# नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २ वरपाटन स्थित श्री विन्ध्यवासिनी मा. वि. स्तरोन्नती योजनासँग सम्बन्धित उपभोक्ता (निर्माण) समितिको तपसील बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुमा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।
योजनाको नाम : विन्ध्यवासिनी मा. वि. स्तरोन्नती
उपभोक्ता समितिको नाम : विन्ध्यवासिनी मा वि भवन स्तरोन्नती समिति
ठेगानाः पोखरा-२, वरपाटन
योजनाको कुल लागत : रु २२,२२,५०८/२४
नगरपालिकाबाट प्राप्त हुनु पर्ने रकम : रु २०,००,०००/-
उपभोक्ता समितिबाट जम्मा रकम : रु २,२२,२२२/२२
जम्मा खर्च : रु २२,२२,५०८/
सम्झौता मिति : २०८०/०९/१२
योजना शुरु मिति : २०८०/०९/१२
योजना सम्पन्न हुनुपर्ने मिति : २०८०/१२/३०
योजना सम्पन्न भएको मिति : २०८०/११/१६
उपभोक्ता समितिका पदाधिकारीः अध्यक्ष अच्युत राज शर्मा
सचिव बिमला देवि भण्डारी अधिकारी, कोषाध्यक्ष लक्ष्मी लम्साल पौडेल सदस्य हुमा देवि क्षेत्री, लालु प्रसाद अधिकारी, जगन कुमारी गुरुङ, जितेन्द्र बहादुर के सी अनुगमन समिति : दिवसमान प्रधानाङ्ग, वडाध्यक्ष, आषिश मल्ल, इन्जिनियर गोविन्द आचार्य, जु.ई.
**विन्ध्यवासिनी मा. वि. भवन स्तरोन्नती समिति**
**पोखरा-२, वरपाटन**

# तनहुँमा इलाका प्रशासन कार्यालय स्थापना गर्न माग

**पोखरापत्र संवाददाता**
दमौली, १९ चैत

तनहुँको भिमाद नगरपालिकामा इलाका प्रशासन कार्यालय स्थापना गर्न माग गरिएको छ ।

बढ्दो जनसङ्ख्या र सेवाग्राहीलाई सहजरुपमा प्रशासनको सेवा प्रवाह गर्न तनहुँ क्षेत्र नं २ को भिमादमा इलाका प्रशासन कार्यालय स्थापना गर्न माग गरिएको हो ।

रास्वपा तनहुँ क्षेत्र नं २ ले आइतबार प्रमुख जिल्ला अधिकारी जनार्दन गौतममार्फत उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेलाई ज्ञापनपत्र बुझाउँदै भिमादमा इलाका प्रशासन कार्यालय स्थापनाको माग गरेको हो । जिल्ला प्रशासन कार्यालय तनहुँ सदरमुकाममा हुँदा सदरमुकामबाट टाढा रहेका दक्षिण पश्चिम भेगका सर्वसाधारणलाई सेवा लिन आउन समस्या भइरहेकाले इलाका प्रशासन कार्यालयको आवश्यकता खड्किएको रास्वपा क्षेत्रीय सचिव सुन्दर बस्यालले बताउनुभयो । घिरिङ गाउँपालिका, भिमाद नगरपालिका, शुक्लागण्डकी नगरपालिका, ऋषिङ गाउँपालिका र म्याग्दे गाउँपालिकाका केही वडाका बासिन्दालाई सहजरुपमा सेवा प्रवाह गर्न भिमादमा इलाका प्रशासन कार्यालय आवश्यक रहेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "स्थानीय प्रशासनबाट सार्वजनिक सेवामा सरल पहुँच स्थापना गर्न आवश्यक भएकाले यसभन्दा अगाडि पनि सामान्य पहल नभएका होइनन्, तर कार्यान्वयन भने हुन सकेको छैन, भौगोलिक विकटताका कारण त्यस भेगका जनतालाई नागरिकता र राहदानी जस्तो सेवा लिन पनि जिल्ला सदरमुकाम दमौली जानुपर्ने र कतिपय अवस्थामा बास बस्नुपर्ने अवस्था रहेको छ ।" प्रमुख जिल्ला अधिकारी गौतमले जिल्लाको भूगोल र अवस्थाका कारण जिल्लामा इलाका प्रशासन कार्यालय स्थापना गर्न आवश्यक रहेको बताउनुभयो । प्रजिअ गौतमले ज्ञापनपत्र सम्बन्धित ठाउँमा पठाउने बताउँदै आफ्नो ठाउँबाट पनि पहल गर्ने प्रतिबद्धता जनाउनुभयो ।

हाल सदरमुकाम दमौलीमा रहेको प्रशासन कार्यालयले जिल्लाका १० पालिकाका सेवाग्राहीलाई सेवा दिइरहेको छ । क्षेत्र नं २ अन्तर्गतका भिमादका नौ, ऋषिङका चार, शुक्लागण्डकीका १२, घिरिङका पाँच, म्याग्देका एक वडाका बासिन्दालाई दमौली आउनुभन्दा इलाका प्रशासन कार्यालय भिमादमा स्थापना भएको खण्डमा उतै सेवा लिन सहज हुने बताइन्छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।

गण्डकी प्रदेश सरकार
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**
## फर्म बन्द सम्बन्धि ३५ दिने सार्वजनिक सूचना
प्रथम पटक प्रकाशित मिति : २०८०/१२/२०

यस कार्यालयबाट मिति २०७९/०९/२४ मा कास्की जिल्ला पोखरा-८, कास्कीमा संचालन गर्ने गरी आरुखर्क ०१ स्याङ्जा निवासी शुशिला गुरुङको नाउँमा दर्ता भएको फर्म दर्ता नं. २५०९३/०७९/०८० (५७३०) को ए वान क्याफे एण्ड रेष्टुरेण्ट नामक प्राइभेट फर्म मिति २०८०/१२/१९ मा फर्म बन्द गरीपाउं भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्याद भित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय,**
**कास्की**

# गण्डकी प्रदेश सरकारद्वारा दुई जिल्लामा प्रदेशस्तरीय क्रिकेट रंगशाला निर्माण गर्ने घोषणा

**पोखरापत्र संवाददाता**
पोखरा, १९ चैत

गण्डकी प्रदेश सरकारले प्रदेशका दुई जिल्लामा प्रादेशिकस्तरीय क्रिकेट रंगशाला निर्माण गर्ने घोषणा गरेको छ।

गण्डकी प्रदेश सरकारको मन्त्री परिषदको चैत्र ९ गते बसेको बैठकले उक्त निर्णय गरेको हो। बैठकले नवलपुरको कावासोती नगरपालिका वडा नं २ नवदुर्गा खेल मैदान र तनहुँ शुक्लागण्डकी वडा नं ८ गाउँफर्कोदय माविको खेल मैदानलाई प्रदेशस्तरीय क्रिकेट खेल मैदान निर्माण गर्ने निर्णय गरेको प्रदेश खेलकुद परिषदका सदस्य सचिव श्रीधर शर्माले जानकारी दिएका छन्।

प्रादेशिकस्तरीय क्रिकेट रंगशाला र एक अन्तर ष्ट्रियस्तरको क्रिकेट रंगशाला निर्माण प्रक्रिया अघि बढाउन परिषदले जिल्लाका विभिन्न ६ स्थानका लागि प्रदेश सरकारलाई सिफारिश गरेको बताउँदै सदस्य सचिव शर्माले भने-"हामीले समिति नै गठन गरेर अध्ययन गरेका थियौं। सोही अध्ययनको आधारमा सरकारले दुई स्थानमा प्रदेशस्तरीय रंगशाला निर्माण हुने गरी मन्त्रीपरिषदले निर्णय गरेको छ।" प्रादेशिकस्तरीय क्रिकेट रंगशाला निर्माणका लागि एक रंगशालाबाटको अर्को रंगशालाको दुरी कम्तिमा ४० किमि भित्र हुनुपर्ने प्रावधान अनुसार नवलपुरको कावासोतीस्थित नवदुर्गा खेल मैदान नेपालकै गौरवको अन्तरष्ट्रिय गौतमवुद्ध क्रिकेट रंगशालाबाट ४० किमि भित्र पर्ने भएकोले पनि उक्त स्थानमा प्रादेशिक क्रिकेट रंगशाला उपयूक्त हुने गरी मन्त्री परिषदले निर्णय गरेको सदस्य सचिव शर्माले बताए। "गौतमवुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाका लागि पनि नजिकमा पर्ने अर्को रंगशाला आवश्यक पर्छ। सबै कुराले कावासोती उपयूक्त पनि छ", सदस्य सचिव शर्माले भने। त्यसै गरी शुक्लागण्डकीको गाउँफर्कोदय मावीको खेल मैदान समेत पोखरा क्रिकेट रंगशालाबाट ४० किमि भित्रै पर्ने भएकोले उक्त स्थान समेत क्रिकेट मैदान निर्माणका लागि मन्त्री परिषदले निर्णय गरेको सदस्य सचिव शर्माले जानकारी दिए। प्रदेश सरकारले क्रिकेट मैदान निर्माणका लागि यो वर्षको विनियोजित ४० लाख रुपैयाँ सोही मैदान निर्माण प्रक्रियाका लागि अघि बढाउने जनाएको छ। "यि दुवै स्थान प्रादेशिक क्रिकेटका लागि उपयूक्त छ्न्" सदस्य सचिव शर्माले भने-"कावासोतीका लागि त्यहाँको नगरपालिकाले २ सय रोपनी जग्गाका लागि स्विकृत दिएको छ भने शुक्लागण्डकीको लागि गाउँफर्कोदय माविको स्वामित्वमा रहेको करिव १ सय ७३ रोपनी जग्गाको समेत स्विकृती प्राप्त भएको छ।" परिषदले कार्यकारी सदस्य ऋषीराम गौतमको संयोजकत्वमा परिषदका कार्यकारी सदस्य तारामायाँ थापा मगर, सदस्यहरु केशव पाठक र विष्णुमायाँ गुरुङ, कार्यालय प्रमुख तोपलाल भुसाल र लेखा प्रमुख निलकण्ठ ढकालसहितको क्रिकेट रंगशाला सम्भव्यता अध्ययन टोली गठन गरेको थियो। टोलीले जिल्लाका विभिन्न स्थलको अध्ययन अवलोकन सँगै स्थानिय सरोकारवालाहरु संग समेत छलफल गरी पोखरा महानगर पालिका वडक नं १४ भेडीफर्ममा अन्तर ष्ट्रियस्तरको क्रिकेट रंगशाला र अन्य पाँच स्थानमा प्रादेशिक क्रिकेट रंगशाला निर्माणका लागि सिफारिस गरेको थियो।

तर पोखरा १४ स्थित भेडीफर्मको जग्गाको विषयमा कुनै निर्णय नभएकोले सो बारे मन्त्रीपरिषदले कुनै निर्णय भने गर्न सकेको छैन। तर यता परिषदले नेपाल सरकारको कृषि मन्त्रालय अन्तर्गत रहेको उक्त जग्गा भेडीफर्मको चरण एरिया समेत भएकोले हस्तान्तरणका लागि लामो प्रक्रिया अपनाउनु पर्ने भएकोले परिषदले सो को विकल्पमा नयाँस्थानको खोजी कार्य तिव्र रुपमा अघि बढाएको अध्ययन टोलीका संयोजक शर्माले बताए।

# दशमलव नौ प्रतिशतले बढे विदेशी पर्यटक

**रासस**
काठमाडौं, १९ चैत

यस वर्षको मार्चमा नेपाल भित्रने विदेशी पर्यटक २८ दशमलव नौ प्रतिशतले बढेका छन्।

नेपाल पर्यटक बोर्डका अनुसार गत वर्षको मार्च महिनाको तुलनामा यस वर्षको मार्चमा नेपाल भित्रने विदेशी पर्यटकको सङ्ख्या २८ हजार सात सय ४१ ले वृद्धि भएको हो।

गत वर्षको मार्चमा कुल ९९ हजार चार सय २६ विदेशी पर्यटक नेपाल भित्रिएकोमा यस वर्षको सोही अवधिमा एक लाख २८ हजार एक सय ६७ पर्यटक नेपाल आएका छन्।

मार्चमा सबैभन्दा बढी भारतीय पर्यटक आएका छन्। भारतबाट सो अवधिमा ३० हजार छ सय ९८ पर्यटक नेपाल आएका छन्। चिनियाँ पर्यटकको सङ्ख्या भने १२ हजार ९३ छ। बोर्डका अनुसार सो अवधिमा अमेरिकाबाट १० हजार सात सय ७३ र बेलायतबाट सात हजार दुई सय ४१ जना, श्रीलङ्काबाट पाँच हजार सात सय ४१, जर्मनीबाट पाँच हजार दुई सय ५५, थाइल्याण्डबाट चार हजार तीन सय ४५, फ्रान्सबाट तीन हजार दुई सय ४० र म्यानमारबाट तीन हजार एक सय ३१ जना विदेशी पर्यटक नेपाल आएका छन्।

क्षेत्रीय हिसाबले हेर्दा एसिया (सार्क)बाट ४० हजार सात सय २७, एसिया (अन्य) बाट २८ हजार छ सय ४८, यूरोपबाट २७ हजार पाँच सय ८२, ओसनियाबाट चार हजार सात सय ८० र क्यानडा र अमेरिकाबाट १२ हजार छ सय १४ जना पर्यटक नेपाल आएका छन्। यस वर्षको जनवरीमा ७९ हजार एक सय र फेब्रुअरीमा ९७ हजार चार सय २६ विदेशी पर्यटक नेपाल भित्रिएका थिए।

सन् २०२३ को पहिलो तीन महिनामा दुई लाख २७ हजार सात सय ५५ जना विदेशी पर्यटक नेपाल भित्रिएकोमा सन् २०२४ को पहिलो तीन महिनामा तीन लाख चार हजार छ सय ९३ जना विदेशी पर्यटक नेपाल भित्रिएका छन्। जुन ३३ दशमलव ७८ प्रतिशतले बढी हो।


## शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति (२०८० चैत्र १९ गते सोमबार)

यस संस्थाको लागि तपसिल बमोजिमका सामानहरु खरिद गर्न आवश्यक भएको हुँदा उपलब्ध गराउन इच्छुक व्यक्ति, संस्था वा फर्महरुलाई आफुले उपलब्ध गराउन सक्ने दरभाउ स्पष्ट उल्लेख गरी यो सूचना प्रकाशित मितिले ७ दिन भित्र शर्तहरुको अधिनमा रही शिलबन्दी निवेदन दिनहुन सूचित गरिन्छ।

**तपशिल**

| S.N. | Commodity | Quantity |
|---|---|---|
| 1. | Projector Branded | 5 |
| | Brand - Epson | |
| | Lumens - 4000 | |
| 2. | Desktop Computer Branded | 5 |
| | Brand - Dell | |
| | Processor – i5, 6th Generation | |
| | RAM - 8GB | |
| | SSD - 256 | |
| | Monitor – 16 inch. | |
| 3. | Desk | 10 |
| | 6×1.5 feet | |
| | Formica Laminated Surface with Book Shelf | |
| 4. | Bench | 20 |
| | 6×1 feet | |
| | Formica Laminated Surface | |
| 5. | Steel Khaja Plate | 300 |
| | With Two Sector (दइखोप्पा भएका) | |
| | Weight – 350 gm | |
| 6. | Steel Spoon | 300 |
| | Weight – 40 gm | |

**बालमन्दिर माध्यमिक विद्यालय**
पोखरा-३, नदीपुर, कास्की
सम्पर्क नं. ०६१-५७१०८२


# शैक्षिकसत्रअगावै आइपुगे जिल्लामा पाठ्यपुस्तक

**पोखरापत्र संवाददाता**
दमौली, १९ चैत

आगामी शैक्षिकसत्र सुरु हुनुअगावै तनहुँमा पाठ्यपुस्तक आउने भएको छ। शैक्षिकसत्र २०८१ सुरु हुनुपूर्व जिल्लाका सबै विद्यालयमा पाठ्यपुस्तक उपलब्ध गराउन लागिएको जिल्लास्थित पुस्तक व्यवसायी महासङ्घले जनाएको छ।

निजी क्षेत्रले प्रकाशन गरेका सबै पाठ्यपुस्तक जिल्ला भित्रिसकेको भन्दै जनकशिक्षा सामग्रीले प्रकाशन गरका पुस्तक केन्द्रमार्फत जिल्लामा आइपुग्ने महासङ्घका केन्द्रीय कोषाध्यक्ष ताराराम श्रेष्ठले राससलाई जानकारी दिनुभयो। उहाँका अनुसार कक्षा १ देखि ४ सम्मका सबै पाठ्यपुस्तक आइसकेका छन्। श्रेष्ठले भन्नुभयो, "पोखरास्थित जनकशिक्षा सामग्रीबाट आज कक्षा ५ देखि १० सम्मका पाठ्यपुस्तक आइपुग्छन्। जिल्लाका पुस्तक व्यवसायीले त्यसका लागि शुल्क बुझाइसकेका छन्। पाठ्यपुस्तक आएपछि विद्यालयमा पुस्तक वितरण थाल्छौं।" उहाँका अनुसार जिल्लाभरि ६५ पुस्तक व्यवसायी छन्।

सबै व्यवसायीले रकम भुक्तानी गरिसकेकाले सबैलाई छुट्टाछुट्टैरुपमा पुस्तक आउने श्रेष्ठले जानकारी दिनुभयो। सबै पुस्तक आइसकेपछि व्यवसायीले विद्यालयमा पुस्तक वितरण गर्नेछन्। जिल्लामा समयमै पाठ्यपुस्तक आएकाले विगतका वर्षमा जस्तो समस्या नहुने जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख उद्धवराज कट्टेलले बताउनुभयो। उहाँले भन्नुभयो, "पुस्तक व्यवसायीले चैत २० गतेभित्र सबै पुस्तक ल्याउँछौं भन्नुभएको छ। पुस्तक आएपछि वितरणका लागि इकाइले सहमति दिएसँगै वितरण थालिनेछ।" इकाइका अनुसार तनहुँमा पाँच सय ५१ सामुदायिक र एक सय ११ निजी विद्यालय छन्। आँबुखैरेनी गाउँपालिका-६ छिम्केश्वरीस्थित कन्यादेवी माध्यमिक विद्यालयका प्रधानाध्यापक सूर्यमानसिंह गुरुङले भर्ना अभियानसँगै विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गरिने जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "अहिले वार्षिक परीक्षा अन्तिम चरणमा छ। चैत २७ गते नतिजा प्रकाशन भएपछि यो महिनाभित्रै विद्यार्थीको हातमा पुस्तक पुऱ्याउछौं।"

# एमाले लमजुङको अध्यक्षमा विष्ट निर्वाचित

**पोखरापत्र संवाददाता**
पोखरा, १९ चैत

नेपाल कम्युनिष्ट पार्टी (एमाले) को जिल्ला कमिटी लमजुङको अध्यक्षमा राजकुमार विष्ट निर्वाचित हुनुभएको छ। कमिटिको नवौँ जिल्ला अधिवेशनको आज सम्पन्न मतगणना अनुसार कृष्णप्रसाद अधिकारीलाई ८९ मतअन्तरले हराउँदै विष्ट अध्यक्षमा निर्वाचित हुनुभएको हो।

अध्यक्ष पदमा नवनिर्वाचित विष्टले दुई सय ८८ मत प्राप्त गर्नुभएको थियो। बेँसीशहर नगरपालिका-११ मा घर भएका विष्ट यसअघि एमाले बेँसीशहर नगर कमिटिको अध्यक्ष हुनुहुन्थ्यो। यसअघिका जिल्ला अध्यक्षसमेत रहनुभएका अधिकारीले एक सय ९९ मत प्राप्त गर्नुभयो। विष्ट र अधिकारीले आ-आफ्नै प्यानल बनाएर चुनावी मैदानमा होमिनुभएको थियो। उपाध्यक्षसहित उपसचिवसमेतमा विष्ट पक्ष विजयी भएका छन्। यस कमिटिको उपाध्यक्षमा यसअघिका जिल्ला सचिव शुभाष पौडेलाई पाँच मतअन्तरले हराउँदै जीतबहादुर गुरुङ निर्वाचित हुनुभयो। गुरुङले दुई सय ४२ मत प्राप्त गर्नुभयो भने पौडेलले दुई सय ३७ मत प्राप्त गर्नुभयो। त्यस्तै, सचिवमा जनकराज मिश्रलाई दुई सय ३९ मतअन्तरले हराउँदै राजेन्द्र बोहोरा विजयी हुनु भएको छ। राजेन्द्रले तीन सय ५८ मत प्राप्त गर्नुभयो भने मिश्रले एक सय १९ मत प्राप्त गर्नुभएको थियो। उपसचिवमा राजेन्द्र अधिकारीलाई दुई सय २० मत अन्तरले हराउँदै विवश बुढाथोकी विजयी हुनुभएको छ। बुढाथोकीले दुई सय ४९ मत प्राप्त गर्नुभयो भने अधिकारले एक सय २९ मत प्राप्त गर्नुभयो। सहसचिव महिलातर्फ भने आइतबार नै राममाया राना मगर निर्विरोध निर्वाचित हुनुभएको थियो। आइतबार भएको मतदानमा पाँच सय ३२ जना सहभागी हुनुपर्नेमा पाँच सय छ जनाले गर्नुभएको थियो। निर्वाचित कमिटिको कार्यकाल तीन वर्ष रहने छ।

# प्लास्टिकको विकल्पमा कपडाको झोला

**पोखरापत्र संवाददाता**
म्याग्दी, १९ चैत

म्याग्दीको बेनी नगरपालिका क्षेत्रमा प्लास्टिकको झोला विस्थापित गर्न उद्यमीलाई 'सपिङ ब्याग' (झोला) बनाउने तालिम प्रदान गरिएको छ।

नगरपालिकाका १० वटै वडाका ३० महिला उद्यमी सहभागी तालिममा सिलाइ मेसिनबाट कपडाको सपिङ ब्याड (झोला) बुन्ने व्यावहारिक तथा सैद्धान्तिक ज्ञान र सीप प्रदान गरिएको हो। नगर उपप्रमुख ज्योति लामिछानेले बढ्दो वातावरण प्रदूषण नियन्त्रण, आयात प्रतिस्थापन, सरसफाइ, उद्यमीलाई रोजगारी र आम्दानीको अवसर सिर्जना गराउनका लागि प्लास्टिकलाई प्रतिबन्ध लगाउने तयारी गरिएको बताउनुभयो।

"नगरपालिकाले प्लास्टिकको झोला प्रयोगमा प्रतिबन्ध लगाउन तयारी थालेको छ", उहाँले भन्नुभयो, "प्लास्टिकको विकल्पमा कपडाको सपिङ ब्याग स्थानीयस्तरमै उपलब्ध गराउन उद्यमीलाई सिप सिकाइएको हो।" असन्तृप्त हाइड्रोकार्बन इथेनलाई रासायनिक प्रतिक्रियामा रूपान्तरण गरी कृत्रिम तरिकाले बनाइने भएकोले अत्यधिक फोहर, पुन:प्रयोग गर्न नमिल्ने, जलप्रदूषण, ऊर्जा शक्तिमा कमी र वायुप्रदूषण बढेपछि सरकारले विसं २०७२ मा प्लास्टिकका झोला प्रतिबन्ध लगाएको थियो। नकुहिने प्लास्टिक बाल्दा उत्पादन हुने नाइट्रोजन अक्साइड, सल्फर अक्साइड, डायोक्सिन, बाफिलो प्राङ्गारिक रसायन, कार्बनडाइअक्साइड आदिजस्ता हानिकारक ग्यास मानव स्वास्थ्यका लागि हानिकारक हुन्छन्। बेनी-८ का वडाध्यक्ष उत्तमकुमार कर्माचार्यले कपडाको झोला बनाउने उद्यमीका लागि थप सीप र व्यवसाय सञ्चालनका लागि सहजीकरण गरिने बताउनुभयो। उद्यमी डम्मरबहादुर कार्कीले पानी नछिर्ने, छिटो धुन र सुकाउन सकिने, आवश्यकताअनुसारको आकारमा न्यूनतम रु ५५ को लागतमा एउटा कपडाको झोला बनाउन सकिने बताउनुभयो।


## आमाघर पाठशाला

पोखरा-२२, पुम्दी भुम्दी, कास्की

**चमेनागृह संचालनको लागि कोटेशन आह्वान सम्बन्धी सूचना**

सूचना प्रकाशित मिति: २०८०/१२/२० गते

यस आमाघर पाठशाला, पोखरा-२२, पुम्दीभुम्दीको विद्यालय परिसर भित्र रहेको चमेना गृह सञ्चालन गर्नका लागि इच्छुक अनुभवि व्यक्तिले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र विहान ११:०० बजेदेखि २:०० बजेसम्म विद्यालयमा स्वयम् उपस्थित भई रु ५००/- (अक्षरेपि पाँच सय मात्र) तिरि सोको नगदी रसिद, नागरिकताको प्रतिलिपि, अनुभवका कागजात तथा निवेदन सहित कोटेशन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

**थप जानकारी**

१. कोटेशन बुझाउने अन्तिम दिन बिदा परेमा सो पश्चात खुल्ने दिनलाई अन्तिम दिन मानिने छ।
२. प्राप्त कोटेशन खोल्दा सम्बन्धित व्यक्तिलाई सूचित गरिने छ।
३. कोटेशन स्वीकृति गर्ने वा नगर्ने सम्पूर्ण अधिकार विद्यालयमा निहीत रहने छ।
४. रितपूर्वक नआएका कोटेशनहरु स्वीकृत गरिने छैन।
५. थप जानकारीका लागि विद्यालयमा सम्पर्क गर्न सकिने छ।

**सम्पर्क: ९८४६४५०४५०**



## कर्जा चुक्ता गर्न आउने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८०/१२/२० गते)**

तपशिलमा उल्लेखित ऋणीले यस संस्थाबाट विभिन्न ऋण शीर्षक अन्तर्गत ऋण उपभोग गर्नु भएकोमा उक्त ऋणको समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई सहकारीसँग गरेको ऋण सम्बन्धी शर्त कबुलियतको उल्लङ्घन गर्नुभएकोले पटक पटक मौखिक एवंम लिखित तरताकेता गर्दा र मिति २०८०/११/१० गते पोखरापत्र राष्ट्रिय दैनिकमा ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल नगरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अत: यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र सहकारीमा सम्पर्क राखी बुझाउनु पर्ने साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ताभुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र सहकारी बीच भए गरेका शर्त सम्झौता, सहकारीको नियम, सम्बन्धी ऐन २०७४ तथा अन्य प्रचलितकानूनले सहकारीलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित व्यक्तिलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा नाम समावेश गर्न लेखी पठाई ऋणोको धितो सुरक्षण स्वरुप सहकारीलाई लेखिदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई सहकारीको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानूनी कारवाही अगाडि बढाइने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी सहकारीले धितो सकारेमा वा लिलाम बिक्रीबाट सहकारीको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानुनबमोजिम ऋणीको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडि बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सुसूचित गरिन्छ।

**तपशील**

| क्र.सं. | ऋणी सदस्यको बिवरण | धनजमानीको विवरण | | धितोको विवरण | रकम |
|---|---|---|---|---|---|
| १ | नाम : सिल कुमारी गुरुङ<br>बावुको नाम : जित बहादुर गुरुङ<br>बाजेको नाम : पुल्लिमान गुरुङ<br>नागरिकता नं. : २१३६<br>जारि मिति : २०४५/०१/१७ (लमजुङ) | नाम : मोहन गुरुङ<br>ठेगाना : पोखरा-१०<br>नागरिकता नं. : १०१४४३<br>जारि मिति : २०५७/०७/०६<br>जारी जिल्ला : कास्की<br>बुवाको नाम : पैचबहादुर गुरुङ<br>सम्पर्क : ९८४६७९५५१० | नाम : माया तामाङ राई<br>ठेगाना : हलेसी तुवाचुङ<br>नागरिकता नं. : १२-०१-७२-००००८<br>जारि मिति : २०७२/०१/०२<br>जारी जिल्ला : खोटाङ<br>बुवाको नाम : रसबहादुर तामाङ<br>सम्पर्क : ९८२७१५८०२१ | जिल्ला : कास्की छिनेडाडा ५ पोखरा म.न.पा. १४ क्षेत्रफल : १५६.९८ वर्ग मिटर | ६०,८०,०००/- (अक्षेरुपी साठीलाख असिहजार) |

**कदम बचत तथा ऋण सहकारी संस्था लि.**
**KADAM SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.**
पोखरा महानगरपालिका-१४ कास्की (कदम मार्ग)। फोन नं. ०६१-५२०२५६